NIC ASIA
एन आई सी एशिया बैंक लि.

29 YEARS OF DOING MORE...

The Banker Bank of the Year 2013 NEPAL

The Banker Bank of the Year 2007 NEPAL

ISO 9001 Certified Bank

प्रेस विज्ञप्ति

भाद्र ३०, २०८३

एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरुलाई आईएमई हस्पिटालिटी अन्तर्गतका होटल तथा केवलकार सेवामा १० प्रतिशत छुट सुविधा

एन आई सी एशिया बैंक लिमिटेड र आईएमई हस्पिटालिटीबीच बैंकका ग्राहक महानुभावहरूलाई विभिन्न स्थानमा रहेका होटल तथा केवलकार सेवाहरूमा विशेष छुट प्रदान गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारी पत्रमा बैंकको तर्फबाट ट्रान्जेक्सन बैंकिङ्ग प्रमुख श्री पुजन लाल अमात्यज्यू र आईएमई हस्पिटालिटीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री लक्ष्मण थापाज्यूले हस्ताक्षर गर्नुभयो ।

यस समझदारी अनुसार ग्राहक महानुभावहरुले आईएमई हस्पिटालिटी अन्तर्गत विभिन्न ठाउँमा सञ्चालनमा रहेका होटल तथा केवलकारहरुमा १० प्रतिशत छुट सुविधा उपयोग गर्न सक्नुहुनेछ । ग्राहक महानुभावहरुले इला होटल्स एण्ड रिसोर्ट, मौलाकालिका, इला कम्फोर्ट, बाग्लुङ्ग, इला कम्फोर्ट, हर्कपुर र सेक एण्ड फेङ्ग रेष्टुरेन्ट, लाजिम्पाटमा उक्त सुविधा प्राप्त गर्न सक्नुहुनेछ । त्यसैगरी, मौलाकालिका केवलकार र लुम्बिनी केवलकारमा सेवा लिँदा पनि उक्त सुविधाको उपयोग गर्न सक्नुहुनेछ ।

यी सुविधाको उपयोग गर्न ग्राहक महानुभावहरुले यस बैंकको मोबाइल बैंकिङ्ग सेवा (मोबैंक), डेबिट कार्ड र क्रेडिट कार्ड प्रयोग गरी उक्त छुट सुविधा प्राप्त गर्न सक्नुहुनेछ । आईएमई हस्पिटालिटीसँगको यस सहकार्यले ग्राहक महानुभावहरुलाई विभिन्न ठाउँमा रहेका होटल तथा केवल कारहरुमा छुट उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

जयन्द्र बहादुर रावल

सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)